अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेवगर,म्यागदी
२०७३

सम्पर्क नं ९८५७६८३८१०
Email: ito.annamun@gmail.com
Web:annapurnamunmyagdi.gov.np

गण्डकी प्रदेश, नेपाल

प.सः २०८०/०८१
च.नः- ६५६

मितिः २०८०/१०/२८
ने.सं११४४,सिल्लाथ्व,२ आइतबार

अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

## आ.व २०८१/८२ का लागि बेरोजगार ब्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन दर्ता गर्ने सम्वन्धी सूचना !!!

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक प्रत्याभूति गराउन तोकिएको मापदण्ड पूरा गरेका नेपाली नागरीकले रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ बमोजिम आ.व २०८१/ ०८२ मा यस गाउँपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक बिकास निर्माणको काममा योगदान गर्न ईच्छुक सामाजिका, आर्थिक, अवसरबाट बञ्चित १८-५९ वर्षसम्मका वास्तविक बेरोजगार व्यक्तिहरुले फागुन महिना भरी आफू स्थायी बसोबास गरेको स्थानीय तहको सम्वन्धित वडा कार्यालयमा बेरोजगार फारम भरी बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुनको लागि निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदन साथ पेश गर्नुपर्ने, आवश्यक कागजात तथा मापदण्डहरु ;-**

१) निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति र पासपोर्ट साइजको फोटो १ प्रति ।

२) निवेदन दिदाँको मितिसम्म सोही आर्थीक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीमा संलग्न नभएको हुनुपर्ने ।

३) स्वरोजगारमा संलग्न व्यक्तीको हकमा निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय (चालु आर्थिक वर्षको सन्दर्भमा रु ५७,७०० ) भन्दा कम आय भएको हुनुपर्ने ।

४) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको नाम ,नाता , जन्ममिति , नागरिक्ता नं नागरिकता जारी गरेको मिति तथा जिल्ला ।

५) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको शैक्षिक योग्यता , सिप , दक्षता तथा रोजगारीको अवस्था स्वदेश /विदेशमा तथा स्वरोजगारको अवस्था उल्लेख गर्नुपर्ने ।

६) निवेदकको व्यक्तिगत फोन नं , बैक खाता नं , बार्षिक पारिवारिक आय, परिवार संख्या, निवेदकको पेशा तथा कृषि पेशाले कति महिनासम्म खान पुग्छ सोको यथार्थ विवरण उल्लेख भएको हुनुपर्ने ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

थप जानकारीको लागि रोजगार सेवा केन्द्र( ९८४७६४२१०० /९८४६९४८४१९) पोखरेबगरमा सम्पर्क गर्न सकिने छ ।